# रत्ननगर नगरपालिका कार्यालय

रत्ननगर, चितवन
नेपाल

फोन: ०५६-५६०५२९, ०५६-५६०५०६
फ्याक्स: ०५६-५६०६२९, ०५६-५६२४८७

प. सं. ०७३।०७४ सूचना
च. नं. ६३०५

मिति २०७३।११।३०

## प्रेस विज्ञप्ती

रत्ननगर नगरपालिकाको आ. व. २०७३।०७४ को दोश्रो चौमासिक अवधिसम्म सम्पादन भएका योजना, कार्यक्रम तथा प्रशासनिक कार्यहरुको सार्वजनिक सुनुवाई मिति २०७३।११।३० गतेका दिन सम्पन्न भयो । रत्ननगर नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगरमा क्रियासिल राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, उद्योग वाणिज्य संघ, वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्रका संयोजक एवं पदाधिकारीहरु, सामाजिक संघ संस्था, विभिन्न विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधीहरु, टोल विकास संस्था, नागरिक सरोकार मंच लगायतको सहभागितामा भएको उक्त कार्यक्रम परामर्शदाता संस्था हिट्स मिडिया रत्ननगरले संयोजन गरेको थियो ।

उक्त अवसरमा रत्ननगर नगरपालिका यस न. पा. योजना शाखा प्रमुख ई. प्रकाशचन्द्र ढुंगानाले उपस्थित महानुभावहरुलाई स्वागत सहित आ. व. २०७३।०७४ फागुनसम्मको आय व्यय तथा सम्पादित योजना तथा कार्यक्रमहरुको समग्र गतिविधीको बारेमा प्रकाश पार्नु भएको थियो । उक्त अवधिसम्म नगरपालिकाको कुल अनुमानित (संसोधित) आय रु. २७,९९,७५,०००।- मध्ये यथार्थ आय रु. १४,०१,०६,७३८।५० छ भने आन्तरिक श्रोत तर्फ अनुमानित रु. ३,५०,३०,०००।- मध्ये यथार्थ आय रु. २,४९,६१,७४४।४६ रहेको छ । कुल खर्च अनुमानित रु. २७,९९,७५,०००।- मध्ये चालु प्रशासनिक खर्च रु. २,२२,३७,५६९।२८ सार्वजनिक निर्माण (पूँजिगत) खर्च रु. ४,३३,१०,०२९।३२ र सामाजिक सुरक्षा तर्फ रु. ३८०,००,०००।- रहेको छ ।

सो कार्यक्रममा विभिन्न सेवाग्राहीबाट विकास निर्माणको गतिविधि तथा कार्यालयबाट भएको कार्यसम्पादनका विषयमा सवाल एवं सुझावहरु प्राप्त भएको थियो । उठेका सवालहरुको सम्बन्धित शाखा प्रमुखहरुबाट जवाफ दिईएको थियो ।

उर्मिला तमाङ्ग दाहाल
सूचना अधिकारी
रत्ननगर नगरपालिका कार्यालय
रत्ननगर, चितवन